परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २७० पृष्ठ ४ २०८३ साउन ०४ गते सोमबार 20 July, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## निजी क्षेत्रका कर्मचारीलाई सञ्चयकोषमा समेट्न महोत्तरीका होटल व्यवसायी सक्रिय

● टक नेपाल । नारायण घिमिरे



बर्दीबासमा निजी क्षेत्रमा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने उद्देश्यले महोत्तरीका होटल व्यवसायीहरूले कर्मचारी सञ्चयकोषमा आबद्ध गराउने अभियानलाई तीव्र बनाएका छन् ।

होटल तथा पर्यटन व्यवसायी सङ्घ, महोत्तरीको आयोजनामा बर्दीबासस्थित गुञ्ज होटलमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा निजी क्षेत्रका कर्मचारीलाई कर्मचारी सञ्चयकोषमा आबद्ध गराउने प्रक्रिया, कानुनी व्यवस्था तथा त्यसबाट प्राप्त हुने सुविधाबारे विस्तृत छलफल गरिएको हो ।

सङ्घका जिल्ला अध्यक्ष गुञ्जबहादुर कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ, मधेस प्रदेशका अध्यक्ष हिरालाल गौतमको विशेष उपस्थिति रहेको थियो । कार्यक्रममा कर्मचारी सञ्चयकोष मधेस प्रदेश कार्यालयका प्रमुख अर्जुन निरौलाले कोषमा आबद्ध हुँदा कर्मचारी र रोजगारदाताले पाउने सेवा-सुविधाबारे जानकारी गराउनुभयो ।

कार्यालय प्रमुख निरौलाले निजी क्षेत्रका कर्मचारी पनि सञ्चय कोषमा आबद्ध भएपछि सरकारी कर्मचारीसरह सामाजिक सुरक्षा तथा विभिन्न वित्तीय सुविधाको लाभ लिन सक्ने बताउनुभयो। उहाँका अनुसार सञ्चयकर्ताले सहुलियत ब्याजदरमा घर निर्माण, जग्गा खरिद, घर मर्मत तथा उच्च शिक्षाका लागि ऋण लिन सक्नेछन्। साथै, सञ्चयकोषमा जम्मा भएको रकमको ९५ प्रतिशतसम्म विशेष सापटीका रूपमा झिक्न सकिने व्यवस्था रहेको उहाँले जानकारी दिनुभयो ।

उहाँले सञ्चयकर्ताका लागि उपलब्ध स्वास्थ्य तथा कल्याणकारी सुविधाबारे पनि जानकारी गराउँदै सामान्य रोगका कारण अस्पताल भर्ना हुनुपरेमा वर्षमा एक पटक अधिकतम एक लाख रुपैयाँसम्म उपचार खर्च शोधभर्ना हुने तथा घातक रोग लागेमा अधिकतम १० लाख रुपैयाँसम्म उपचार खर्च उपलब्ध हुने व्यवस्था रहेको बताउनुभयो ।

त्यस्तै, दुर्घटनाबाट मृत्यु भएमा हकवालालाई दुई लाख रुपैयाँ आर्थिक सहायता, काजकिरिया खर्चबापत ४० हजार रुपैयाँ तथा दुई पटकसम्म सन्तान जन्मिँदा प्रत्येक पटक सात हजार पाँच सय रुपैयाँ सुत्केरी भेट उपलब्ध गराइने व्यवस्था रहेको उहाँले उल्लेख गर्नुभयो ।

रोजगारदाता संस्थाका लागि पनि सञ्चयकोष लाभदायी रहेको उल्लेख गर्दै निरौलाले आफ्ना कर्मचारीलाई सञ्चयकोषमा आबद्ध गराउने संस्थाले व्यवसाय विस्तार वा पूर्वाधार विकासका लागि आवश्यक परेमा सहुलियत ब्याजदरमा १० करोड रुपैयाँभन्दा बढीको संस्थागत ऋणसमेत प्राप्त गर्न सक्ने जानकारी दिनुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ, मधेस प्रदेशका अध्यक्ष हिरालाल गौतमले प्रदेशभरिका होटल तथा रिसोर्टमा कार्यरत सम्पूर्ण कर्मचारीलाई सञ्चयकोषमा आबद्ध गराउन व्यवसायीहरूलाई आग्रह गर्नुभयो। उहाँले यस व्यवस्थाले रोजगारदाता र कर्मचारीबीचको सम्बन्ध थप सुदृढ हुने तथा श्रम बजारलाई व्यवस्थित र सुरक्षित बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमको समापन गर्दै सङ्घका जिल्ला अध्यक्ष गुञ्जबहादुर कार्कीले कर्मचारीको सामाजिक सुरक्षालाई प्राथमिकतामा राख्दै कर्मचारी सञ्चयकोष सँग सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा कर्मचारी सञ्चयकोषका सहायक प्रबन्धकद्वय रामकृष्ण नन्दन सिंह र सन्तोषकुमार साहसहित बर्दीबास क्षेत्रका होटल व्यवसायीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

## सोमबारदेखि लाइसेन्स सेवा पूर्ण रूपमा अनलाइन




● टक नेपाल

यातायात व्यवस्था विभागले सोमबारदेखि सवारीचालक अनुमतिपत्र (लाइसेन्स) सम्बन्धी आवेदन, नवीकरण तथा राजस्व भुक्तानी सेवा पूर्ण रूपमा अनलाइन प्रणालीमार्फत सञ्चालनमा ल्याएको छ ।

विभागका अनुसार नयाँ प्रणालीमा सेवाग्राहीले राष्ट्रिय परिचयपत्र वा नागरिक एपमा रहेको क्युआर कोड स्क्यान गरी आवेदन फाराममा व्यक्तिगत विवरण स्वतः (अटो फिल) भर्न सक्नेछन्। लाइसेन्सको दस्तुर तथा राजस्व पनि अनलाइन माध्यमबाटै भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ ।

विभागका निर्देशक केशव खतिवडाले नयाँ प्रणाली सञ्चालनका लागि आवश्यक सम्पूर्ण प्राविधिक तयारी पूरा भएको जानकारी दिए। उनका अनुसार प्रारम्भिक चरणमा स्वास्थ्य परीक्षणका लागि भने सेवाग्राही सम्बन्धित कार्यालयमा उपस्थित हुनुपर्नेछ ।

नागरिक एपमा आबद्ध नभएका सेवाग्राहीले भने हाल प्रचलित प्रक्रिया अनुसार व्यक्तिगत विवरण भरेर आवेदन दिनुपर्ने व्यवस्था यथावत् रहने विभागले जनाएको छ ।

विभागले नयाँ प्रणालीबाट सेवा प्रवाह थप सहज, छरितो र पारदर्शी हुने विश्वास व्यक्त गरेको छ ।




## सस्तो मूल्य र वर्षाले सर्लाहीका तरकारी किसान मर्कामा



● टक नेपाल

अविरल वर्षा र तरकारीको मूल्यमा आएको गिरावटका कारण सर्लाहीका तरकारी किसान समस्यामा परेका छन्। उत्पादनमा कठिनाइ भइरहेका बेला बजारमा तरकारीको मूल्य अत्यन्तै सस्तो हुँदा किसानले लागतसमेत उठाउन नसकेको गुनासो गरेका छन् ।

लालबन्दी नगरपालिका-१७ रानीगञ्जका किसान प्रवीण पौडेलका अनुसार बजारमा अधिकांश तरकारीको मूल्य आधाभन्दा बढीले घटेपछि लगानी उठाउने चिन्ता बढेको छ। "कामदार, मलखाद र विषादीको मूल्य निरन्तर बढिरहेको छ, तर तरकारीको भाउ भने दिनप्रतिदिन घटिरहेको छ," उहाँले भन्नुभयो ।

उहाँका अनुसार उत्पादन लागत र मेहनतअनुसार उचित मूल्य नपाउँदा किसानलाई तरकारी खेतीमा टिकिरहनै कठिन बन्दै गएको छ । लालबन्दी थोक तरकारी बजारमा बिक्रीका लागि तरकारी ल्याउने किसान सस्तो मूल्यमा बिक्री गर्न बाध्य भएर निराश हुँदै घर फर्कने गरेका छन् ।

सर्लाहीमा उत्पादन हुने अधिकांश हरियो तरकारीको मूल्य अहिले न्यून छ । किसानले बोडी प्रति केजी ६० देखि ७० रुपैयाँमा बिक्री गरिरहेका छन् भने परबल सबैभन्दा सस्तो भई प्रतिकेजी १५ देखि २० रुपैयाँमा बिक्री भइरहेको छ ।

लालबन्दी थोक तरकारी बजारका व्यवस्थापक शम्भुप्रसाद घिमिरेका अनुसार बजारमा परबलको आपूर्ति अत्यधिक भएकाले यसको मूल्य घटेको हो। स्थानीय किसानले उत्पादन गरेको भिन्डी प्रतिकेजी २५ देखि ३० रुपैयाँ, भान्टा ५० देखि ६० रुपैयाँ तथा घिरौँला २० देखि २५ रुपैयाँ प्रतिकेजीमा बिक्री भइरहेको उहाँले जानकारी दिनुभयो ।

घिमिरेका अनुसार केही दिनअघिसम्म तरकारीको मूल्य अझै कम रहे पनि अविरल वर्षाका कारण उत्पादन घट्न थालेपछि मूल्यमा सामान्य सुधार देखिएको छ। लालबन्दी बजारबाट दैनिक आठ ट्रकसम्म तरकारी काठमाडौँलगायत विभिन्न सहरमा निर्यात भइरहेको उहाँले बताउनुभयो ।

उहाँका अनुसार वर्षायाममा तरकारीको मूल्यमा सामान्य उतारचढाव हुने गरे पनि बजारबाट हुने तरकारीको आपूर्ति र निर्यात भने नियमित रूपमा भइरहेको छ ।

**फेरान टोरेजले अतिरिक्त समयमा निर्णायक गोल गरेपछि स्पेनले अर्जेन्टिनालाई १–० ले हराउँदै २०२६ विश्वकपको उपाधि जितेको छ । स्पेन दोस्रो पटक विश्व च्याम्पियन बनेको हो। कप्तान रोड्रीले विश्व कप ट्रफी उचाले। उपाधिसँगै स्पेनले ५१ मिलियन अमेरिकी डलर पुरस्कार प्राप्त गरेको छ ।**



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# पोलिएको मानवता

काठमाडौंमा गणेश नेपालीले गरेको आत्मदाहको प्रयास र त्यसपछिको उद्धार प्रक्रियाले हाम्रो राज्यसंयन्त्र र समाजको मानवीय संवेदनामाथि गम्भीर प्रश्न उठाएको छ । आत्मदाह कुनै सामान्य घटना होइन, यो न्याय, अवसर र सुनुवाइको अभावमा निराश बनेको नागरिकको अन्तिम प्रतिवाद हो। यस्तो अवस्थामा पुगेको व्यक्तिलाई उद्धार गर्ने क्रममा देखिएको असंवेदनशील व्यवहारले राज्यको तयारी, उद्धार क्षमता र मानवताप्रतिको दृष्टिकोणमाथि थप प्रश्न खडा गरेको छ ।

संकटको घडीमा सुरक्षाकर्मीको पहिलो दायित्व कानुन कार्यान्वयनसँगै मानवीय व्यवहार प्रदर्शन गर्नु पनि हो। गम्भीर रूपमा जलेका घाइतेलाई सुरक्षित रूपमा उद्धार गर्ने सीप, आवश्यक उपकरण र प्राथमिक उपचारसम्बन्धी ज्ञान सबै सम्बन्धित निकायमा अनिवार्य हुनुपर्छ। यस घटनाले आपत्कालीन उद्धार प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउने आवश्यकता स्पष्ट देखाएको छ ।

यस घटनाको अर्को पक्ष अझ गम्भीर छ। कुनै पनि व्यक्ति आफ्नै शरीरमा आगो लगाउने निर्णय सहज रूपमा गर्दैन। बेरोजगारी, आर्थिक असुरक्षा, सामाजिक निराशा, न्यायप्रतिको अविश्वास र भविष्यप्रतिको अन्योलले नागरिकलाई चरम निराशातर्फ धकेल्न सक्छ। त्यसैले आत्मदाहलाई व्यक्तिगत घटनाका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन; यसले समाज र राज्य दुवैको जिम्मेवारी सम्झाउँछ ।

यस घटनाको निष्पक्ष छानबिन, उद्धार प्रक्रियाको समीक्षा र जिम्मेवार निकायको सुधार अपरिहार्य छ। साथै, समाजले पनि संकटमा परेको व्यक्तिलाई सबैभन्दा पहिले ‘मान्छे’का रूपमा हेर्ने संस्कार विकास गर्नुपर्छ। भौतिक पूर्वाधारले मात्र होइन, करुणा, उत्तरदायित्व र संवेदनशीलताले नै सभ्य समाजको निर्माण हुन्छ। गणेश नेपालीको घटनाले हामीलाई यही कठोर पाठ सिकाएको छ ।




# ढल्केवरका होटलमा दुई महिलाको रहस्यमय मृत्यु, अवैध गतिविधिमाथि बढ्यो प्रश्न




• टक नेपाल

धनुषाको ढल्केवरस्थित होटलहरूमा चार महिनाको अन्तरालमा दुई महिलाको रहस्यमय मृत्यु भएपछि होटल व्यवसायको आडमा हुने अवैध गतिविधि, प्रहरी निगरानी र स्थानीय सरकारको नियमनमाथि गम्भीर प्रश्न उठेको छ। स्थानीयवासीले ढल्केवरका केही होटल तथा डान्सबारमा अवैध यौन गतिविधि सञ्चालन भइरहेको दाबी गर्दै प्रभावकारी अनुगमन र कारबाहीको माग गरेका छन् ।

गत असार २६ गते राति करिब ९ बजे ढल्केवरस्थित माँ भवानी होटल एण्ड गेष्ट हाउसमा धादिङकी ५१ वर्षीया चेलीमाया तामाङ अचेत अवस्थामा फेला परेकी थिइन्। उपचारका लागि जानकी मेडिकल कलेज लगिए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए ।

इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार मृतकसँगै कोठामा रहेका सिन्धुपाल्चोकका ५० वर्षीय एबनारायण श्रेष्ठलाई ज्यानसम्बन्धी कसुरमा अनुसन्धानका लागि नियन्त्रणमा लिइएको छ। होटलमा उनीहरूले आफूलाई श्रीमान-श्रीमती भनेर परिचय दिएका भए पनि अनुसन्धानका क्रममा उनीहरू पति-पत्नी नभएको खुलेको प्रहरीले जनाएको छ ।

होटल सञ्चालक मुकुन्द अधिकारीले पुरुषको सवारी चालक अनुमतिपत्रको विवरण टिपेर कोठा उपलब्ध गराइएको तर महिलाको परिचयपत्र माग नगरिएको स्वीकार गरे ।

यसअघि गत चैत १८ गते ढल्केवरस्थित जुन तारा स्टाप लाइन होटलमा पोखरा महानगरपालिका-१३ की २३ वर्षीया जेनिसा विक मृत फेला परेकी थिइन्। मुखबाट फिँज निस्किएको अवस्थामा फेला परेकी जेनिसा ढल्केवरमै डेरा गरी बस्दै आएकी थिइन् ।

जेनिसाकी आमाले होटल सञ्चालक रामपुकार साहले फोन गरेर बोलाएपछि छोरी होटल पुगेको र घटनापछि सञ्चालकसहित तीन जना फरार भएको आरोप लगाएकी थिइन् । उक्त घटनाको अनुसन्धान जारी रहे पनि होटल भने नियमित सञ्चालनमा रहेको छ ।

लगातार भएका दुई घटनाले ढल्केवरका केही होटलमा अवैध यौन व्यवसाय सञ्चालन भइरहेको स्थानीयको दाबीलाई थप बल पुर्‍याएको छ । स्थानीयका अनुसार केही होटलमा युवती राख्ने तथा मागअनुसार विभिन्न होटलमा पठाउने कामसमेत हुने गरेको छ । एक स्थानीय स्रोतले प्रहरी प्रशासनको संरक्षणमा यस्तो गतिविधि सञ्चालन भइरहेको आरोप लगाए पनि प्रहरीले भने त्यसलाई अस्वीकार गरेको छ ।

प्रहरी निरीक्षक केसीले स्थानीयबाट यस्ता गुनासा आउने गरे पनि नियमित निगरानी र चेकजाँच भइरहेको तथा बाहिर चर्चा भएजस्तो अवस्था फेला नपरेको बताए ।

ढल्केवर मधेश प्रदेशको प्रमुख व्यापारिक तथा आवागमन केन्द्रका रूपमा परिचित छ । दैनिक हजारौं यात्रु आवतजावत गर्ने यस क्षेत्रमा सञ्चालनमा रहेका होटल तथा गेष्ट हाउसले अतिथिको पहिचान, अभिलेख व्यवस्थापन र कानुनी प्रक्रिया कत्तिको पालना गरिरहेका छन् भन्ने विषयमा प्रभावकारी अनुगमन हुन नसकेको स्थानीयको गुनासो छ ।

यता, ढल्केवरका डान्सबारहरूले पनि सामाजिक विकृति बढाएको भन्दै स्थानीय आन्दोलनको तयारीमा जुटेका छन् । गत वर्ष पनि अश्लील गतिविधिको आरोपमा स्थानीयले दुई वटा डान्सबारमा तोडफोड गरेका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीको र्‍यापिड एक्सन टिम मिथिला नगरपालिकाका संयोजक सुनिल कुमार महतोले ढल्केवरमा अवैध गतिविधि नियन्त्रणबाहिर गएको टिप्पणी गरेका छन्। उनले सामाजिक सञ्जालमार्फत ढल्केवरको नाम नै परिवर्तन गर्नुपर्ने व्यंग्यात्मक टिप्पणीसमेत गरेका थिए ।

मिथिला उद्योग वाणिज्य संघ ढल्केवरका अध्यक्ष मुन्नाकुमार सिंहले होटल व्यवसायको आडमा हुने अवैध गतिविधिमा संलग्नलाई कुनै संरक्षण नगरिने स्पष्ट पारे । उनले यस्ता गतिविधिमा संलग्न व्यवसायीलाई कानुनी दायरामा ल्याउन संघले आवश्यक सहयोग गर्ने बताए ।

दुवै घटनाको अनुसन्धान जारी रहेकाले सत्यतथ्य अदालतको प्रक्रियाबाट स्थापित हुने प्रहरीको भनाइ छ । तर छोटो अवधिमै एउटै क्षेत्रमा भएका दुई रहस्यमय मृत्युले ढल्केवरमा होटल सञ्चालनको मापदण्ड, सुरक्षा व्यवस्था, प्रहरी निगरानी र स्थानीय सरकारको भूमिकामाथि गम्भीर बहस सुरु भएको छ ।

# धनुषामा सार्वजनिक बाटोमा पर्खाल निर्माण, ५० भन्दा बढी परिवार प्रभावित

• टक नेपाल

धनुषाको कमला नगरपालिका-४ स्थित बरेबा गाउँमा पाँच दशकभन्दा बढी समयदेखि स्थानीय बासिन्दाले प्रयोग गर्दै आएको सार्वजनिक बाटोमा पक्की पर्खाल निर्माण गरिएपछि ५० भन्दा बढी घर परिवारको आवतजावत प्रभावित भएको छ ।

स्थानीयका अनुसार पूर्वप्रधानपञ्च रामउद्गार यादवले सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटोमा पर्खाल निर्माण गरेपछि पर्खालको उत्तरतर्फ बसोबास गर्ने स्थानीयलाई घरसम्म पुग्न कठिनाइ भएको हो ।



स्थानीय सितेश यादवका अनुसार बरेबा गाउँ प्रवेश गर्ने मुख्य बाटोमै पर्खाल निर्माण गरिएकाले स्थानीयको दैनिक आवतजावत अवरुद्ध भएको छ। उहाँले उक्त बाटो औपचारिक रूपमा नक्सामा कायम नभए पनि करिब नौ फिट चौडाइको बाटो पाँच दशकभन्दा बढी समयदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बताउनुभयो ।

अर्का स्थानीय जोगिन्द्र यादवले करिब चार दिनअघि बाटो मिचेर पर्खाल निर्माण गरिएपछि स्थानीयको जनजीवन प्रभावित भएको बताउनुभयो। उहाँका अनुसार पर्खालका कारण दैनिक उपभोग्य सामग्री ओसारपसार गर्न, बालबालिकालाई विद्यालय पठाउन तथा बिरामीलाई अस्पताल लैजानसमेत कठिनाइ भइरहेको छ। उहाँले वर्षौंदेखि प्रयोग हुँदै आएको सार्वजनिक बाटो तत्काल खुलाउने व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गर्नुभयो ।

यता रामउद्गार यादवले भने पर्खाल निर्माण गरिएको जग्गा आफ्नो स्वामित्वमा रहेको दाबी गर्नुभएको छ। उहाँका अनुसार दुई वर्षअघि पनि सोही विषयमा विवाद उत्पन्न भई अदालतमा मुद्दा परेको थियो। अदालतको फैसलाले जग्गा उपयोग गर्न सकिने निर्णय गरेकाले सोही आधारमा घर निर्माणका लागि पर्खाल लगाइएको उहाँको भनाइ छ ।

कमला नगरपालिका-४ का वडाध्यक्ष दीपक गोहिबारले विवादबारे जानकारी रहेको बताउँदै दुवै पक्षसँग छलफल गरी समाधान खोज्ने प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो। उहाँका अनुसार सोमबार दुवै पक्षलाई वडा कार्यालयमा बोलाएर छलफल गरिनेछ। आवश्यक कागजात अध्ययन गरी स्थानीयको आवतजावत सहज हुने गरी विवाद समाधानका लागि पहल गरिने उहाँले बताउनुभयो ।






# जानकी मन्दिरको ७५ लाखभन्दा बढी विद्युत् महसुल बक्यौता, आम्दानी पारदर्शितामाथि प्रश्न

● टक नेपाल



विश्व हिन्दु धर्मावलम्बीको आस्थाको केन्द्र मानिने जनकपुरधामस्थित जानकी मन्दिरको विद्युत् महसुल ७५ लाख रुपैयाँभन्दा बढी बक्यौता रहेको तथ्य सार्वजनिक भएको छ। वार्षिक रूपमा विभिन्न स्रोतबाट करोडौं रुपैयाँ आम्दानी हुने मन्दिरले विद्युत् महसुलसमेत नियमित रूपमा तिर्न नसकेको भन्दै सरोकारवालाले व्यवस्थापन र आर्थिक पारदर्शितामाथि प्रश्न उठाएका छन्।

मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले जानकी मन्दिरअन्तर्गतको विवाह मण्डपमा अनियमित रूपमा टिकट बिक्री भइरहेको भेटिएपछि टिकट जफत गर्दै तत्काल रोक्न निर्देशन दिएपछि मन्दिरको व्यवस्थापन र आर्थिक गतिविधिबारे बहस सुरु भएको हो।

गत असार ३० गते मंगलबार अनुगमनका क्रममा मन्त्री महतोले विवाह मण्डपमा फरक-फरक दररेटमा टिकट बिक्री, अव्यवस्थित संरचना, खानेपानीको अभाव, फोहोर व्यवस्थापनमा कमजोरी तथा भारतीय र नेपाली पर्यटकबीच फरक व्यवहार भएको पाइएको बताएका थिए। मन्दिरबाट हुने आम्दानीको तुलनामा भौतिक संरचना र सेवासुविधाको अवस्था कमजोर देखिएपछि उनले टिकट बिक्री रोक्न निर्देशन दिएका थिए।

यस विषयमा मधेस प्रदेशसभाको बजेट अधिवेशनमा जनता समाजवादी पार्टी नेपालका सांसदद्वय उपेन्द्र महतो र रानी शर्मा तिवारीले मन्त्री महतोले आफ्नो क्षेत्राधिकार बाहिर गएर काम गरेको आरोप लगाएका थिए। तर जनकपुरका स्थानीय तथा नागरिक अगुवाले भने मन्दिरको व्यवस्थापन सुधारका लागि गरिएको पहलको समर्थन गरेका छन्।

नेपाल विद्युत् प्राधिकरण जनकपुर वितरण केन्द्रका अनुसार जानकी मन्दिरले आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्म कुल ७५ लाख ५५ हजार ३०९ रुपैयाँ विद्युत् महसुल तिर्न बाँकी रहेको छ।

प्राधिकरण जनकपुर वितरण केन्द्रका प्रमुख प्रवीण मिश्रका अनुसार मन्दिरको विद्युत् महसुल २०७१ सालदेखि नियमित रूपमा बाँकी रहँदै आएको छ। पटक-पटक मौखिक तथा लिखित रूपमा महसुल बुझाउन आग्रह गरिए पनि अपेक्षित रूपमा भुक्तानी नभएको उहाँले बताउनुभयो।

"जानकी मन्दिरजस्तो धार्मिक क्षेत्रमा विद्युत् लाइन काट्न सहज हुँदैन। हामीले पटक-पटक महसुल तिर्न आग्रह गर्दै आएका छौं, तर प्रभावकारी पहल भएको देखिँदैन," मिश्रले भन्नुभयो।

प्राधिकरणका अनुसार जानकी मन्दिरमा मासिक करिब ५० हजार रुपैयाँ बराबरको विद्युत् खपत हुने गरेको छ। यसअघि २०७९ जेठ ३ गते प्राधिकरणले तीन दिनभित्र बक्यौता नतिरे लाइन काट्ने चेतावनी दिएपछि मासिक करिब ३ लाख २७ हजार रुपैयाँ महसुल बुझाउने सहमति भएको थियो। तर हालसम्म उक्त सहमति कार्यान्वयन नभएको प्राधिकरणको भनाइ छ।

जनकपुरधाम नागरिक समाजका अगुवा मुरली मनोहर मिश्रले करोडौं आम्दानी हुने धार्मिक संस्थाले विद्युत् महसुलसमेत तिर्न नसक्नु दुःखद भएको बताउनुभयो। उहाँले मन्दिरको आम्दानी, खर्च, संरक्षण तथा सामाजिक सेवामा भएको लगानीबारे वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने माग गर्नुभयो।

"मन्दिरको आम्दानी कति छ, खर्च कहाँ भइरहेको छ, संरक्षणमा कति खर्च हुन्छ भन्ने कुरा सार्वजनिक हुनुपर्छ," उहाँले भन्नुभयो, "आस्था र विश्वासको केन्द्रलाई पारदर्शी ढंगले सञ्चालन गर्न आवश्यक छ।"

नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय अध्यक्ष धर्मेन्द्र झाले जानकी मन्दिरलाई धार्मिक आस्थाको केन्द्रभन्दा कमाउने माध्यमका रूपमा प्रयोग गर्न नहुने बताउनुभयो। उहाँले विवाह मण्डपमा टिकट लगाउने निर्णय, त्यसबाट उठेको रकमको हिसाब तथा नेपाली र भारतीय पर्यटकबाट फरक शुल्क लिनुको आधारबारे प्रश्न उठाउनुभयो।

"वर्षौंदेखि टिकटको नाममा उठिरहेको आम्दानी र खर्चको हिसाब सार्वजनिक हुनुपर्छ," झाले भन्नुभयो, "धार्मिक तथा आध्यात्मिक स्थलमा शुल्क निर्धारण गर्दा स्पष्ट मापदण्ड आवश्यक हुन्छ।"

जानकी मन्दिर गुठी संस्थानअन्तर्गत रहे पनि यसको आम्दानी, खर्च र व्यवस्थापन प्रणालीबारे लामो समयदेखि पारदर्शिताको माग उठ्दै आएको छ। पछिल्लो विवादसँगै मन्दिरको आर्थिक व्यवस्थापन सुधार र सार्वजनिक जवाफदेहिताको विषय पुनः चर्चामा आएको छ।

# मुक्त हरवा–चरवा अधिकारका लागि १० बुँदे बर्दिबासमा घोषणापत्र जारी

● टक नेपाल




मुक्त हरवा-चरवा समुदायको जलवायु न्याय, सामाजिक समावेशीकरण, भूमि तथा वन अधिकार सुनिश्चित गर्न माग गर्दै मधेस प्रदेशस्तरीय दलित अधिकार सम्मेलनले १० बुँदे 'बर्दिबास घोषणापत्र-२०८३' जारी गरेको छ।

महोत्तरीको बर्दिबासमा सम्पन्न 'मुक्त हरवा-चरवा समुदायका लागि जलवायु न्याय र सामाजिक समावेशीकरण' विषयक सम्मेलनले समुदायको वास्तविक पहिचान, प्रमाणीकरण, सामाजिक समावेशीकरण तथा जलवायु न्यायसम्बन्धी अधिकार व्यवहारमै कार्यान्वयन गर्न सरकारसँग माग गरेको हो।

आदिवासी जनजाति तथा स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र (डिजिएम) नेपालको सहयोग तथा राष्ट्रिय दलित नेटवर्क नेपालको आयोजनामा भएको सम्मेलनले हरवा-चरवा लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण निर्देशिका-२०८० तत्काल राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याउन माग गरेको छ।

घोषणापत्रमा भूमिहीन तथा बसोबासविहीन परिवारको वैज्ञानिक पहिचान गरी व्यवस्थित बसोबासको व्यवस्था गर्नुपर्ने, मधेस प्रदेशका आठवटै जिल्लामा तथ्याङ्क सङ्कलन तथा परिचयपत्र वितरण अभियान सञ्चालन गर्नुपर्ने उल्लेख गरिएको छ।

त्यस्तै, नेपालले कार्यान्वयन गरिरहेको उत्सर्जन न्यूनीकरण कार्यक्रम तथा लाभ बाँडफाँट योजनामा मुक्त हरवा-चरवा समुदायको समानुपातिक सहभागिता सुनिश्चित गर्नुपर्ने माग गरिएको छ। वनमा आधारित लाभ वितरण प्रणालीलाई पारदर्शी बनाउन तथा सामुदायिक वन व्यवस्थापनमा समुदायको प्रतिनिधित्व बढाउनुपर्ने घोषणापत्रमा उल्लेख छ।

घोषणापत्रले नागरिकता, शिक्षा, स्वास्थ्य बिमा, सामाजिक सुरक्षा तथा सम्मानजनक रोजगारीका लागि छुट्टै बजेट व्यवस्था गर्नुपर्ने माग गरेको छ। साहुको चर्को ब्याजको ऋणबाट समुदायलाई मुक्त गराउन कानुनी व्यवस्था कडा बनाउन तथा सहकारी र कृषि व्यवसायमार्फत आयआर्जनका अवसर विस्तार गर्नुपर्नेमा पनि जोड दिइएको छ।

हरवा-चरवा महिलाको नीति निर्माण, अनुगमन समिति तथा निर्णय प्रक्रियामा कम्तीमा ५० प्रतिशत सहभागिता सुनिश्चित गर्नुपर्ने, बाढी, डुबान र खडेरी जस्ता जलवायुजन्य विपद्बाट प्रभावित बस्तीलाई स्थानीय अनुकूलन योजना तथा विपद् व्यवस्थापन कार्यक्रममा प्राथमिकता दिनुपर्ने मागसमेत घोषणापत्रमा समेटिएको छ।

मधेस प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा उल्लेख गरिएका प्रतिबद्धता र घोषणापत्रका माग कार्यान्वयनको नियमित समीक्षा गर्न प्रदेश सरकार, सम्बन्धित मन्त्रालय र समुदायका प्रतिनिधि सम्मिलित संयुक्त अनुगमन संयन्त्र गठन गर्नुपर्ने प्रस्ताव पनि गरिएको छ।

सम्मेलनको उद्घाटन गर्दै मधेस प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेलले हरवा-चरवा समुदायको समस्या समाधानका लागि प्रदेश सरकारले छुट्टै ऐन निर्माण गर्ने तयारी गरिरहेको बताउनुभयो। उहाँले हरवा-चरवा समुदायको वास्तविक अवस्था पहिचान गर्न तथ्याङ्क सङ्कलन, प्रमाणीकरण तथा जीविकोपार्जनका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिने जानकारी दिनुभयो। दलित तथा हरवा-चरवा समुदायको सामाजिक र आर्थिक अवस्था सुधारबिना प्रदेशको समग्र विकास सम्भव नहुने उहाँको भनाइ थियो।

कार्यक्रमका विशेष अतिथि प्रतिनिधिसभा सदस्य गणेशबहादुर विश्वकर्माले कानुनी रूपमा हरवा-चरवा मुक्त घोषणा भएको तीन वर्षभन्दा बढी समय बितिसक्दा पनि समुदायको जीवनस्तरमा अपेक्षित सुधार आउन नसकेको बताउनुभयो। उहाँले ठोस नीति, कार्यक्रम र बजेटमार्फत पुनःस्थापनाको काम अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

राष्ट्रिय हरवा-चरवा मञ्चका अध्यक्ष दर्शनलाल मण्डलले कानुनी मुक्ति घोषणा भए पनि समुदाय अझै भूमिअधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी, आवास तथा आर्थिक पुनःस्थापनाबाट वञ्चित रहेको बताउनुभयो।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को सन् २०१३ को अध्ययनअनुसार मधेस प्रदेशका आठ जिल्लामा एक लाखभन्दा बढी हरवा-चरवा रहेको अनुमान गरिएको छ। नेपाल सरकारले २०७९ साउन २ गते हरवा-चरवा मुक्तिको घोषणा गरे पनि अधिकांश परिवार अझै भूमिहीन, नागरिकताविहीन तथा आधारभूत सेवाबाट वञ्चित रहेको भन्दै सम्मेलनले प्रभावकारी कार्यान्वयनमा जोड दिएको हो।

बर्दिबासमा सम्पन्न सम्मेलनमा मधेस प्रदेशका आठ जिल्लाका हरवा-चरवा समुदायका प्रतिनिधि, प्रदेशसभा सदस्य, मानव अधिकारकर्मी, नीति विज्ञ, नागरिक समाज तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमर्जेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न विधाहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# आर्थिक गतिविधि विस्तारमार्फत जिडिपी वृद्धि गर्ने मधेस प्रदेशको लक्ष्य




• टक नेपाल

राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा रहेको करिब १३ प्रतिशत योगदान बढाउने लक्ष्यसहित मधेस प्रदेश सरकारले आर्थिक गतिविधि विस्तार, उत्पादन वृद्धि तथा निजी क्षेत्रको लगानी प्रवर्द्धनलाई प्राथमिकतामा राखेको छ । प्राकृतिक स्रोत, उर्वर कृषि भूमि, प्रशस्त श्रमशक्ति तथा सीमापार व्यापारको पर्याप्त सम्भावना हुँदाहुँदै पनि प्रदेशको आर्थिक क्षमता पूर्ण रूपमा उपयोग हुन नसकेको निष्कर्ष निकाल्दै सरकारले उत्पादनशील क्षेत्र विस्तार, औद्योगिकीकरण र लगानी आकर्षित गर्ने कार्यक्रम अघि बढाएको हो ।

मधेस प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले प्रदेशको जिडिपी वृद्धि गर्न उत्पादनशील क्षेत्रको विस्तारसँगै पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइएको बताउनुभयो ।

"प्रदेशमा उद्योग, व्यापार र सेवा क्षेत्रमा लगानी बढाउन प्राथमिकता दिएका छौँ," उहाँले भन्नुभयो, "गत आर्थिक वर्ष २०८२/८३ मा लगानी सम्मेलनका लागि बजेट विनियोजन भए पनि विभिन्न कारणले आयोजना हुन सकेन। उद्योग-व्यवसायमा पर्याप्त लगानी भित्र्याउन नसकेसम्म जिडिपी उल्लेखनीय रूपमा बढाउन सकिँदैन । त्यसैले चालु आर्थिक वर्ष २०८३/८४ मा लगानी सम्मेलन आयोजना गर्ने योजना बनाएका छौँ ।"

उहाँका अनुसार पर्यटकीय गन्तव्यको पहिचान, स्तरोन्नति तथा पर्यटक आकर्षित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। साथै औद्योगिक पूर्वाधार विकास, कृषि उपजमा आधारित उद्योग स्थापना, साना तथा मझौला उद्यम प्रवर्द्धन, सीमावर्ती व्यापार व्यवस्थापन तथा लगानीकर्तालाई प्रशासनिक सहजीकरण उपलब्ध गराउने कार्यक्रमलाई पनि सरकारले प्राथमिकतामा राखेको छ ।

प्रदेश सरकारले कृषि आधुनिकीकरण, सिँचाइ विस्तार, औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्र विकास, पर्यटन प्रवर्द्धन, सीमा व्यापार व्यवस्थापन, लगानीमैत्री कानुनी वातावरण निर्माण र निजी क्षेत्रसँगको साझेदारीमार्फत आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्य लिएको सचिव घिमिरेले बताउनुभयो ।

मधेस प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. भोगेन्द्र झाले लगानी सम्मेलनले प्रदेशमा लगानीको वातावरण निर्माण गर्न सकारात्मक भूमिका खेल्ने बताउनुभयो । उहाँले लगानी प्रतिबद्धतालाई वास्तविक परियोजनामा रूपान्तरण गर्न, उद्योग सञ्चालनसम्बन्धी कानुनी तथा प्रशासनिक प्रक्रिया सरल बनाउन तथा निजी क्षेत्रसँग नियमित संवाद आवश्यक रहेको औँल्याउनुभयो ।

राष्ट्रिय जिडिपीमा मधेस प्रदेशको करिब १३ प्रतिशत योगदान रहेको उल्लेख गर्दै उहाँले उत्पादन, उद्योग, व्यापार तथा सेवा क्षेत्रको विस्तारबिना प्रदेशको आर्थिक आकार बढ्न नसक्ने बताउनुभयो ।

"प्रदेशको आर्थिक समृद्धिको आधार आर्थिक गतिविधि विस्तार हो," उहाँले भन्नुभयो, "उद्योग स्थापना, कृषि उत्पादनको व्यावसायिकीकरण, लगानीमैत्री वातावरण निर्माण तथा निजी क्षेत्रको सहभागिता बढाउन सके मधेस प्रदेशको जिडिपी उल्लेखनीय रूपमा वृद्धि गर्न सकिन्छ ।"

नेपाल राष्ट्र बैंकले गत कात्तिकमा सार्वजनिक गरेको 'मधेस प्रदेशको आर्थिक गतिविधिसम्बन्धी प्रतिवेदन' अनुसार आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन ६१ खर्ब सात अर्ब रुपैयाँ रहने अनुमान गरिएको छ भने मधेस प्रदेशको कुल गार्हस्थ्य उत्पादन आठ खर्ब चार अर्ब रुपैयाँ पुग्ने प्रक्षेपण गरिएको छ ।

प्रतिवेदनअनुसार सोही अवधिमा राष्ट्रिय अर्थतन्त्र ३.९९ प्रतिशतले वृद्धि हुने अनुमान गरिएकामा मधेस प्रदेशको आर्थिक वृद्धि ३.८८ प्रतिशत रहनेछ। प्रदेशको अर्थतन्त्रमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको योगदान सबैभन्दा बढी ३६.७० प्रतिशत रहेको छ भने खानी तथा उत्खनन क्षेत्रको योगदान सबैभन्दा कम ०.१५ प्रतिशत छ । आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ९३२ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ ।

कृषि क्षेत्रमा खाद्य तथा अन्य बाली उत्पादन १४.०१ प्रतिशत तथा तरकारी र बागवानी उत्पादन ९.७९ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ। दूध, अण्डा र माछा उत्पादन क्रमशः ३.१६, ९.६४ र ५.९५ प्रतिशतले बढेको छ। यद्यपि फलफूल, मसला तथा मासु उत्पादनमा भने केही गिरावट आएको जनाइएको छ ।

नेपाल राष्ट्र बैंकले सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा आर्थिक वर्ष २०८१/८२ का आर्थिक गतिविधिको तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरेको हो। प्रतिवेदनमा कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकाससँग सम्बन्धित प्रमुख क्षेत्रको अवस्था, चुनौती र सम्भावनाको विश्लेषण गरिएको छ। साथै सरकारी निकाय, सम्बन्धित परियोजना, उद्योग-प्रतिष्ठान तथा सरोकारवालासँगको अन्तरक्रिया र सर्वेक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा प्रदेशको समग्र आर्थिक अवस्था तथा आगामी आर्थिक वर्षको परिदृश्य प्रस्तुत गरिएको छ ।

# गुणस्तरहीन चार ब्रान्डका चाउचाउ बजारबाट फिर्ता गर्न सरकारको निर्देशन

• टक नेपाल

सरकारले गुणस्तरहीन ठहरिएका चार ब्रान्डका इन्स्ट्यान्ट चाउचाउ (नुडल्स) तत्काल बजारबाट फिर्ता गर्न आदेश दिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले आइतबार सूचना जारी गर्दै बजार अनुगमनका क्रममा संकलन गरिएका नमुनाको प्रयोगशाला परीक्षणमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ विपरीत गुणस्तर पाइएको जनाउँदै सम्बन्धित उत्पादन 'रिकल' गर्न निर्देशन दिएको हो ।

विभागका अनुसार सम्बन्धित ब्याच नम्बरका उत्पादनको बिक्री-वितरणसमेत तत्काल रोक्न उत्पादक कम्पनीलाई निर्देशन दिइएको छ ।

बजारबाट फिर्ता गर्न भनिएका चाउचाउमा २५ ग्रामको 'गोलमोल इन्स्ट्यान्ट नुडल्स' (ब्याच नं. B/BM2/D, उत्पादन मिति २०८३/०१/११), ५० ग्रामको 'वाइल्ड इन्स्ट्यान्ट नुडल्स' (ब्याच नं. B/BM1–X–2026-05-14), २५ ग्रामको 'प्रिमियम पिरो' (ब्याच नं. B/BM2/C, उत्पादन मिति २०८३/०१/२८) र ५० ग्रामको 'मामा इन्स्ट्यान्ट नुडल्स' (ब्याच नं. B/BM1–X–२०२६-०५-१३) रहेका छन् ।

विभागका अनुसार यी सबै उत्पादन बर्दियाको बाँसगढी-३ स्थित बीसीजी फुड्स इन्टरप्राइजेज प्रालिले उत्पादन गरेको हो ।

प्रयोगशाला परीक्षणका क्रममा उक्त उत्पादनहरू खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा १६(क) विपरीत न्यूनस्तरको गुणस्तर रहेको पाइएको विभागले जनाएको छ ।

## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकाी गाउने गनुपछ ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवाि साथीहरू सवलाइ सचेतना फलाउने ।
- चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन रोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
- पीडित प्रभावितहरूलाइ आवश्यक सहयोग पामश प्रदान गने ।

एकडारा गाउँपालिका , महोत्तरी, मधेश प्रदेश

# जनकपुरमा पाँच वर्षीया बालिकामाथि धारिलो हतियार प्रहार



• टक नेपाल

जनकपुरमा एक युवकले आफ्नै काकाकी छोरी माथि धारिलो हतियार प्रहार गरी गम्भिर घाईते बनाएको घटना बाहिरिएको छ ।

जनकपुरधाम उपमहानगरपालिका वडा नं. २२ बसबिट्टीस्थित बस्ने स्थानीय अवधेश रायका २४ बर्षिय छोरा आकाश राय उर्फ सदानन्द रायले आफ्नै काकाकी छोरी ५ बर्षिय लक्ष्मी रायलाई घरमा बोलाएर घाँटी, टाउकोमा धारिलो हतियार प्रहार गरेको आरोप छ । स्थानीय सुरेश रायकी छोरीमाथि प्रहार भएको हो ।

जमिनको विवादलाई लिएर ५ बर्षिय अवोध बालिकालाई आफ्नो घरमा बोलाएर सदानन्दले धारिलो हतियार प्रहार गरेको स्थानीयहरुले बताएको छ । ५ बर्षिय बालिका लक्ष्मीलाई घर मा बोलाएर उनको घाँटी, टाउकोमा हथियार प्रहार भएको थियो । साथै, उनको शरिरमा केयौं पटक चाकुले प्रहार गरेको पाईएको हो ।

शनिबार दिउँसो करिब ३:३० बजेको समयमा घटना भएको स्थानीयहरुले जनाएको छ । बालिका लक्ष्मीलाई रक्ताम्य पारी आफ्नै घर को सन्दुकमा प्याक गरेको बताईएको छ । बालिकासँगै खेल्दै आएकी स्थानीय एक बालिकाले लक्ष्मीको परिवारलाई सबै कुरा भने पछि घटना बाहिरिएको थियो ।

उनको घरमा जाँदा स्थानीयहरुले लक्ष्मीलाई बेहोस र रक्ताम्य अवस्थामा सन्दुकमा भेटिएको थियो । उनलाई तत्कालै एम्बुलेन्स मार्फत विराटनगर रिफर गरिएको जनाइएको छ । उनको उपचार विराटनगरमै भईरहेको छ भने अवस्था गम्भिर रहेको छ ।

यता, आरोपित सदानन्द राय भने शनिबार देखि नै सम्पर्क विहिन भई फरार भएको जनाइएको छ । सदानन्दको बुवा केही बर्ष अगाडी बिते पछि जमिनी विवाद चल्दै आएको थियो । सोही आवेगमा उनले यस्तो घटना गरेको जनाईएको छ । हाल फरार रहेका रायलाई खोजी कार्य तीव्र पारिएको हो ।

# बर्दिबासमा ४.४६० ग्राम खैरो हिरोइनसहित एक जना पक्राउ

• टक नेपाल

महोत्तरीको बर्दिबासबाट प्रहरीले ४ ग्राम ४६० मिलिग्राम खैरो हिरोइन (ब्राउन सुगर) जस्तो देखिने पदार्थसहित एक जनालाई पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बर्दिबास र लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबासबाट खटिएको संयुक्त प्रहरी टोलीले बर्दिबास नगरपालिका-१ स्थित पूर्वपट्टी बस काउन्टर अगाडि शंकास्पद रूपमा हिँडडुल गरिरहेका धनुषाको मुखियापट्टी मुसहर नियाँ गाउँपालिका-४ निवासी अन्दाजी ३५ वर्षीय सुनिल साहलाई पक्राउ गरेको हो ।

प्रहरीले उनको साथमा रहेको रातो रङ्को झोलाको तलासी गर्दा पहैंलो प्लास्टिकभित्र रहेको सेतो प्लास्टिकमा लुकाइराखिएको अवस्थामा प्लास्टिकसहित ६ ग्राम ५९० मिलिग्राम तथा प्लास्टिक बाहेक शुद्ध ४ ग्राम ४६० मिलिग्राम खैरो हिरोइन (ब्राउन सुगर) जस्तो देखिने अर्धगिलो पदार्थ बरामद गरेको जनाएको छ ।

बरामद लागूऔषधसहित साहलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बर्दिबासमा राखी अनुसन्धान अघि बढाइएको थियो। प्रहरीले आवश्यक कानुनी प्रक्रिया पूरा गरी उनलाई साउन ३ गते महोत्तरी जिल्ला अदालतमा उपस्थित गराएको थियो ।

जिल्ला अदालत महोत्तरीले १० दिनको म्याद थप गरी लागूऔषध सम्बन्धी कसुरमा थप अनुसन्धान गर्न अनुमति दिएको प्रहरीले जनाएको छ ।

खुशी मेडिकल हल एण्ड डायग्नोष्टिक सेन्टर प्रा.लि.
9705446880 बर्दिबास-२, महोत्तरी 9705446881

## साइव अपाधबाट जोगिआं !!!

कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।

- बलियो पासवड ाखां पासवडलाइ नियमित रुपमा पवितन गां ।
- अपींचित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलां ।
- अपींचित व्यक्तिले युजनेम पासवड मागे नदिआं ।
हवाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद
- भिडियो वा अडियो कल नउठाआं । त्यस्ता कल पटक पटक आए ब्लक गां ।
आफ्ना व्यक्तिगत विवणहरु (ओटिपी, युजनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, ाहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगां, सुक्षित ाखां ।

बटेश्वर गाउँपालिका,
धनुषा, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014